# शितगंगा नगरपालिका

## स्थानीय राजपत्र

**खण्डः ८, संख्याः ९, मितिः २०८१/०९/०४**

## भाग-२

# शितगंगा नगरपालिका

शितगंगा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधी सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## शितगंगा नगरपालिकाको नदीजन्य पदार्थ सम्बन्धि कार्यविधि, पहिलो संसोधन २०८१

शितगंगा नगरपालिका नदीजन्य पदार्थ तथा अन्य पदार्थ उत्खनन संकलन, ओसारपसार तथा विकी वितरण र नदीजन्य पदार्थमा आधारित उद्योग व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६ को बुँदा (७) को (१) को (ग) लाई संसोधन गर्नु पर्ने भएकोले विधायन समितिबाट संसोधन पेश भएको "नदीजन्य पदार्थ उत्खनन, संकलन गर्दा कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी समेतको प्रत्यक्ष निर्देशनमा रेखाङ्कन गरिएको घाट क्षेत्र भित्रको सीमाबाट हाते औजार र श्रममूलक प्रविधिको प्रयोग गरी निकाल्न पर्नेछ । तर श्रममुलक प्रविधिको प्रयोगबाट मात्र उत्खनन् गर्न नसकिने अवस्था देखिएमा आवश्यकता र औचित्यता हेरी सम्झौता अवधि भित्र बढीमा १५ दिन मेशिन प्रयोग गर्न नगर प्रमुखले लिखित अनुमती दिन सक्ने छ । मेशिन प्रयोगको अनुमती पाएको अवधी पश्चात ठेक्का अवधी बाँकी भएता पनि उत्खनन् कार्य समाप्त भएको मानिने छ" भनि संसोधन गर्ने निर्णय गरियो ।

**प्रमाणिकरण मितिः २०८१/०९/०४**

**आज्ञाले**
**मदन बहादुर जि.सी.**
**प्रमुख प्रशासकीय अधिकृत**